माहाकाली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दोधारा-चाँदनी, कञ्चनपुर

७ नं. प्रदेश, नेपाल

२०७४/०१/२०

कार्यकारी अधिकृत

मिति : २०७४।०१।२०

**बिषय : सूचना ! सूचना !! सूचना !!!**

यस माहाकाली नगरपालिकाको स्वामित्वमा रहेको माहाकाली नगरपालिका वडा नं. २ को अन्दाजी क्षेत्रफल ३-३-० (२१३३३।६९) जग्गा आगामी ३ बर्ष (२०७४ बैशाख देखि २०७६ चैत्र मसान्त) सम्म भोग चलन गर्न पाउने गरी वढावढ प्रक्रिया द्वारा ठेक्कामा दिनु पर्ने भएकोले उक्त जग्गा ठेक्कामा लिन चाहने ईच्छुक व्यक्तिले तपसिलको शर्त बन्देजमा रहने गरि तोकिएको मितिमा ठेक्का वढावढ प्रक्रियामा सहभागी भई ठेक्का लिन चाहने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्काको नाम | न्यूनतम अंक | वढावढ हुने मिति, समय र स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | माहाकाली नगरपालिकाको वडा कार्यालय (१-५) को जग्गा भोगचलन सम्बन्धी ठेक्का वढावढ | १,९८,५५०।- | २०७४ जेष्ठ ३ गते बिहान ११ बजे नगरपालिकाको कार्यालय | |

<u>ठेक्काका शर्तहरुः-</u>

१. ठेक्का वढावढमा भागलिने नेपाली नागरिकले कबुल अंकको ५ प्रतिशत र बिदेशी भए १० प्रतिशत धरौटी नगदै राख्नु पर्नेछ ।

२. ठेक्काको म्याद २०७४ बैशाख देखि २०७६ चैत्र मसान्त सम्म ३ (तीन) बर्षको हुनेछ ।

३. ठेक्का सदर भएको मितिले ७ दिन भित्र कबुल अंक एकमुष्ठ नगरपालिकामा बुझाई ठेक्का सम्झौता गर्नु पर्नेछ । समय भित्र सम्झौता गर्न नआएमा पहिलो अंक वालाको धरौटी जफत गरी क्रमश दोस्रो एवं तेस्रो कबुल गर्नेलाई ठेक्का दिइने छ । रकम एकमुष्ठ बुझाए बाफत १०% छुट दिइनेछ ।

४. ठेकेदार वा निजको प्रितिनिधीले नगरपालिकाको जग्गामा स्थायी घर टहरा बनाउन पाउने छैन ।

५. ठेक्का सदर वा बदर गर्ने सम्पुर्ण अधिकार नगरपालिकामा निहित रहने छ ।

६. अन्य कुरा कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

कार्यकारी अधिकृत